नगर प्रमुख श्री जिवलाल खरेल जीवनद्वारा

प्रस्तुत

# आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

वामीटक्सार, गुल्मी ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१. मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको गरिमामय यस अठारौं अधिवेशनमा आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवान्वित र उत्साहित छु ।

२. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र अधिकारहरुको कार्यान्वयन गर्ने क्रममा संविधान प्रदत्त राज्यका नीति एवं निर्देशक सिद्धान्तको अधिनमा रही नेपाल सरकारले लिएका लक्ष्य तथा उद्येश्यहरु प्राप्तिका लागि स्थानीय सरकार संचालन ऐन तथा प्रचलित कानूनी व्यवस्थाको परिपालना गर्दै समृद्ध मुसिकोट निर्माणका लागि मुसिकोट नगरपालिकाले आर्थिक वर्ष २०८२।०८३ को लागि यो नीति तथा कार्यक्रम बनाएको छ जुन आज म यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दै छु ।

३. यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको स्थापनाका लागि देश र जनताको हितलाई सर्वोपरी मानी विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष र जनआन्दोलनमा आफ्नो अमूल्य जीवन वलीदान गर्ने सबै ज्ञात अज्ञात श्रद्धेय सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । समग्र नगरपालिकाको आर्थिक- सामाजिक रुपान्तरणका लागि दत्तचित्त भएर राष्ट्र र राष्ट्रप्रेमलाई शिरमा राखी समृद्ध नगर निर्माणको अभियानमा लाग्न हामीलाई प्रेरणा, हौसला प्रदान गर्नु हुने आम नगरवासी र देश विदेशमा रहेर हाम्रो मुसिकोट नगरपालिकाको समग्र समुन्नति र जनकल्याणका लागि हामीमाथि भरोसा राख्ने मुसिकोट नगरका सम्पूर्ण शुभ चिन्तकहरुलाई यस अवसरमा कृतज्ञता पूर्वक अभिवादन टक्र्याउँदछु ।

४. समृद्ध मुसिकोट निर्माण अभियानमा अगाडि बढ्ने क्रममा आ.व.२०८१/८२ मा हामीले अगाडि सारेका नीति तथा कार्यक्रमहरु लागु गर्न र सफल पार्न प्रत्यक्ष परोक्ष रुपमा भूमिका खेल्नु हुने सबै नगरवासी जनसमुदाय, संघ एवं प्रदेश सभाका माननीय सदस्यज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि, विकास साझेदारहरु, कर्मचारी, राजनीतिकर्मी, शिक्षक, बुद्धिजीवी, निर्माण व्यवसायी, निर्माण उपभोक्ताहरु, व्यापारी, पत्रकार, सुरक्षाकर्मी सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

५. स्थानीय सरकारको सर्वपक्षीय क्षेत्रमा गरेको लगानीको उत्पादनमुलक प्रतिफलको अपेक्षा सहित
**"सामाजिक तथा भौतिक पूर्वाधारमा गुणस्तरीयता र व्यापक सुधार,**
**सुशासन सहित कृषि-उद्यम, सामाजिक सुरक्षा र पर्यटन विकासमा उदार"**
भन्ने सोंच सहित आगामी आ.व.२०८२/८३ को नीति र कार्यक्रम तय गरिएको छ ।

६. नेपालको संविधानले दिएको अधिकारलाई अधिकतम रुपमा प्रयोग गर्दै सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन, सेवा प्रवाहमा आम नगरवासीले सहजै महसुस गर्न सक्ने गरि तत्परता र स्पष्ट कार्ययोजनाका साथ विगतमा अगाडी बढाइएका कामहरु पूरा गर्दै नयाँ सोंच र संकल्प सहित हामी निरन्तर अघि बढिरहेका छौं । हामी, हाम्रो दायित्व र कर्तव्यलाई मध्यनजर गर्दै नगरवासीको आर्थिक र सामाजिक जीवनमा सहजै अनुभुति हुने परिवर्तनको लागि निरन्तर प्रयासरत छौं र हाम्रो कार्यकाललाई समृद्ध नगरको कोशेढुङ्गा सावित हुने गरी तर्जुमा गरेका योजना तथा कार्यक्रमलाई परिणाममूखी बनाउन हामी निरन्तर लागिरहनेछौं ।

७. आगामी आ.व. २०८२/०८३ को नीति, कार्यक्रम र बजेट तर्जुमाको शिलशिलामा औपचारिक रुपमा विभिन्न पक्षहरुसँग सघन रुपमा प्रत्यक्ष अन्तर्क्रिया गरी रायसुझाव लिनुका साथै सामाजिक संजाल, फोन सम्पर्क, इमेल आदि माध्यमबाट विभिन्न पेशा व्यवसायमा संलग्न स्वदेश एवं विदेशमा रहनुहुने विकासप्रेमी सम्पूर्ण मुसिकोटवासी महानुभावहरुबाट राय सुझाव माग गरेका थियौं । सो अनुरुप प्राप्त राय सुझावहरुलाई समेत यथाशक्य समेट्ने प्रयास गरेका छौं ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**श्रोत परिचालन**

८. वित्तीय अनुशासनमा उच्च प्राथमिकता दिंदै र वित्तीय जोखिमका क्षेत्रहरु प्रति गम्भिर भई सुधारात्मक कदमहरु चालिने छ । आन्तरिक स्रोत परिचालनको अवस्था न्यून रहेको सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्थाबारे हामी सबै जानकारी नै छौं ।

९. करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्वन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको सुझावसमेतका आधारमा विगत आ.व.हरुमा परिचालन गरिएका करका दायराहरुलाई फराकिलो गर्दै कर तिर्ने नागरिक दायित्व पूरा गर्न अभिप्रेरित गरिने छ । प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिंदै पूँजी निर्माणमा उच्च प्राथमिकता दिइनेछ ।

१०. सरकारी खर्चको कुशल व्यवस्थापनका साथै सुशासनका आयामहरुको क्रियाशिलताद्वारा विकासका लक्ष्यहरु पुरा गरिनेछ । सो को निम्ति आन्तरिक नियन्त्रण प्रणाली तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । सरकारी कोषको अधिकतम सदुपयोगमा हामी सचेत रहने आफ्नो प्रतिबद्धता सहित व्यक्त गर्न चाहन्छु ।

११. वित्तीय कुशलताद्वारा चालु खर्चलाई कम गर्ने र पूँजीगत खर्च बढाउने र पूँजी निर्माण गर्ने कुरामा विशेष ध्यान दिइने बिषय हाम्रो प्राथमिकताको बिषय हो । महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका बिषयमा हामी गम्भीर रहेका छौं । कार्यालयको खर्च गर्ने क्षमतामा बृध्दि गरी बेरुजुलाई न्यूनिकरण गर्दै सुशासन कायम गर्न सूचना प्रविधिलाई अधिकतम र उच्चतम प्रयोग गरिने छ ।

१२. समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय नारालाई पूरा गर्न दिगो विकासका लक्ष्यहरुलाई बजेट तर्जुमा गर्दा ध्यान दिइएको छ । दिगो विकासका आधार स्तम्भ, लक्ष्यहरु एवं सूचकहरुको आधारमा दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा बजेट तर्जुमा गर्दा समेत विशेष ध्यान दिइने छ ।

१३. आवधिक योजनाले परिलक्षित गरेका क्षेत्रहरु र मध्यमकालिन खर्च संरचनाको मर्म अनुरुप हाम्रा श्रोतहरु परिचालित हुने छन् । नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानून, नगरले अख्तियार गरेका नीतिनियम, कानून तथा नगरको आवधिक योजना, स्थानीय श्रोत साधन लगायतका बिषय वस्तुहरु मुसिकोट नगरपालिकाका श्रोत परिचालनका प्रमुख आधारहरु हुन् ।

## सहकार्य र समन्वय

१४. नेपालको संविधानले परिकल्पना गरे बमोजिम सार्वजनिक, निजी र सहकारीको माध्यमबाट आर्थिक गतिविधिलाई चलायमान बनाउन नगरपालिकाले आफ्ना गतिविधिहरु संचालन गर्दा संघ, प्रदेश र स्थानीय तहहरु बीचको आपसी सम्बन्ध र समन्वय एवं सहकार्यका आधार माथि विशेष ध्यान दिइने छ । विकासका साझा बिषयहरुको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाई प्राथमिकता दिइने छ ।

१५. यसै परिप्रेक्ष्यमा जापानको ओइता प्रान्तको बुङगोआनो नगर र मुसिकोट नगरपालिका बीच भगिनी सम्बन्ध कायम गर्नका लागि समझदारी पत्रमा हस्ताक्षर भैसकेको परिप्रेक्ष्यमा यस आ. व. मा असल अभ्यास, नवीनतम प्रविधि, शिक्षा र अनुभवहरुको आदानप्रदान गर्नका निम्ति यस नगरपालिका र जापानको ओइता प्रान्तको बुङगोआनो नगरपालिका बीच आर्थिक विकास, शैक्षिक- सामाजिक विकास, सेवा प्रवाह, प्राविधिक क्षमता विकास लगायतका क्षेत्रमा मैत्रीपूर्ण र सहयोगात्मक सम्बन्ध अभिवृद्धि साथै आपसी सहयोग र सहकार्य गर्ने प्रतिवद्धताका साथ द्विपक्षीय सम्झौता गर्ने कार्य सम्पन्न भएको छ । जापान जस्तो विकसित राष्ट्रको नगरसँग भगिनी सम्बन्ध स्थापना पश्चात मुसिकोट नगरपालिकाको सामाजिक आर्थिक एवं शैक्षिक साँस्कृतिक विकासमा वित्तीय र प्राविधिक सहयोग विस्तार हुने र एकआपसमा भएका उत्कृष्ट अभ्यासहरु साटासाट गर्न अवसर प्रदान हुनेमा हामी विश्वस्त छौं ।

१६. विकासका साझेदार संस्थाहरुसँगको साझेदारीमा समेत विकासका योजनाहरु तय गरिनेछ । यसै सन्दर्भमा बैलायत सरकारको सहयोग रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहतको कोष स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको रुपमा प्राप्त भएकोमा उक्त कार्यक्रमको निरन्तरताले हाम्रो नगरभित्र पूर्वाधार सुधार तथा स्थानीयको जीवनस्तर सुधार कार्य थप अगाडि बढ्ने आशा र संकेत देखिएको छ । यसैगरी शैक्षिक पूर्वाधार तथा गुणस्तर सुधार तर्फ UWS सँग साझेदारीमा थप कार्य गरिनेछ ।

१७. साथै लागत न्यूनीकरणका लागि स्रोत साधनको अधिकतम प्रयोग गरी साझा सरोकारका विषयहरुमा छिमेकी स्थानीय तह एवं अन्य स्थानीय तहसँगको सहकार्य एवं साझेदारीमा हुने क्रियाकलाप संचालन गरिँदै आएकोमा यस प्रकारको साझा अभियानलाई प्राथमिकतापूर्वक अघि बढाइनेछ ।

## आर्थिक विकास

### कृषि विकास

१८. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनहरुको अधिकतम उपयोग गर्दै स्थानीय अर्थतन्त्रलाई सबल, गतिशील र समृद्ध बनाउन संघीय एवं प्रदेश सरकारले ल्याएका रणनीतिक योजना अनुरुपका नीति तथा कार्यक्रम तर्जुमा गर्नु स्थानीय सरकारको दायित्व बनेको छ । मुसिकोट नगरपालिकाको स्थानीय अर्थतन्त्रको प्रमुख श्रोतहरुमध्ये मुख्यत: कृषि रहेकोमा अब उक्त क्षेत्रमा विविधिकरण, यान्त्रिकीकरण र आधुनिकीकरण मार्फत व्यवसाय उन्मुख लघु-घरेलु उद्योग, पर्यटन तथा व्यापार क्षेत्रलाई प्रवर्द्धन गर्न नगरपालिका सदैव तत्पर छ ।

१९. कृषि उपज संकलन तथा विक्रि सुनिश्चितता कार्यक्रमलाई थप व्यवस्थापन गर्न कृषि उपजको उचित भण्डारणको लागि शित भण्डार तथा कृषि एम्बुलेन्सको व्यवस्थापनका लागि संघीय एवं प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

२०. कृषि सम्बन्धि आधारभूत सेवामा स्थानीयको पहुँच अभिवृद्धि गर्न तथा कृषि विकाससँग सम्बन्धित परामर्शका लागि कृषि प्राविधिक सहितको घुम्ति शिविरका रुपमा माटो परिक्षण लगायत कृषि सेवा संचालन गरिनेछ।

२१. आर्थिक विकासमा सहलगानीको वातावरण सिर्जना गरी सार्वजनिक, निजी र सहकारीको माध्यमबाट आर्थिक गतिविधि सञ्चालन गरिने कुरालाई महत्व दिइने छ। निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गर्नुका साथै सहकारीहरुसँग भएको पूँजी परिचालनलाई आगामी आ.व. मा समेत विशेष प्राथमिकता दिइने छ।

२२. **"पख्नोस तपाईका लागि हामी केही गर्दैछौं"** कार्यक्रमलाई निरन्तरता दिँदै अब थप विषय समेत समावेश गरी यस नगरपालिका भित्र नगरपालिकाकै नागरिकले उत्पादन मुलक स्थानिय कच्चा पदार्थमा आधारित उद्योग र निर्यात मुलक उद्योग संचालन गरेमा त्यस्ता उद्यमीहरुलाई अर्धवार्षिक मुल्याङ्कनको आधारमा नियमित रुपले प्रोत्साहित गर्नेगरि व्यवस्था मिलाईनेछ। यस कार्यक्रम अन्तरगत पहिलो वर्ष २३ जना कृषक, दोस्रो वर्ष ९ जना र यस आर्थिक वर्ष पुराना लाइ निरन्तरता दिदै २५ जना अगुवा/व्यवसायिक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन रकम प्रदान गरीएको छ। उद्यमीसँग मुसिकोट नगरपालिका र स्वरोजगार कोष परिचालन मार्फत साना किसान र उद्यमीहरुलाई कृषि ऋणको व्याजमा ७५% अनुदान दिने कार्यक्रम, आफनैं गाउँ फर्कि आउँ कार्यक्रम र पख्नोस् तपाँईका लागि हामी केही गर्दैछौं कार्यक्रम एउटै प्याकेज अन्तर्गत संचालन गर्ने गरी व्यवस्था मिलाईनेछ।

२३. भौगोलिक अवस्था र सिंचाइको उपलब्धता समेतको आधारमा फलफूल एवं कृषि र पशुपालन साथै अन्य तुलनात्मक लाभका वस्तुहरु उत्पादनहरुको लागि पकेट क्षेत्रको अवधारणालाई निरन्तरता दिँदै थप बजेटको व्यवस्था गरिने छ। खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिकहकलाई संघीय र प्रदेश सरकारको नीति अनुरुप व्यवहारिक रुप दिइने छ। निर्मित हाटबजार संरचना संचालनमा ल्याउन उत्पादकहरु, सहकारीहरु र सरोकारवालाहरु बीच समन्वय गरिनेछ।

२४. संघीय सरकार र प्रदेश सरकारको नीतिसँग तादाम्यता कायम हुने गरी नगरपालिका भित्र भूमि बैङ्क स्थापना गर्ने बिषय लाई प्राथमिकता दिइनेछ। कृषि/पशुपालनसँग सम्वन्धित व्यवसायी र उद्यम गर्न चाहने लघु-घरेलु तथा साना व्यवसायीलाई उक्त भूमी बैङ्कमा प्राप्त जग्गा सुलभ तरिकाले उपलब्ध गराउने गरी अख्तियार गरिएको नितीलाई निरन्तरता दिइनेछ।

२५. कृषि-यन्त्र, उपकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। किसानहरुलाई सिँचाई सुविधा मार्फत् कृषि उत्पादन बढाउने तर्फ प्रेरित गर्ने उद्देश्यका साथ सिँचाई उपभोक्ताहरुको अनिवार्य सहभागिता २५ प्रतिशत मात्र हुने नीतिलाई निरन्तरता दिइएको छ।

२६. बेमौसमी तरकारी खेती उत्पादनका लागि प्लाष्टिक टनेल वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ। उक्त कार्यक्रममा कृषकको सहज पहुँच बृद्धि गर्न नगरस्तरीय कार्यक्रम संचालन गरिने छ र यसलाई थप व्यवस्थित गर्न आवश्यक कदम चालिने छ। उद्यमी महिला समूहलाई प्रस्तावमा आधारित अनुदान रकम उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

२७. नगरपालिकाको विशिष्ट नगदे बाली र तुलनात्मक लाभको वस्तुको रुपमा पहिचान भएको कफी खेतीलाई नगरपालिकाको मुख्य बालीको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**नेपाली कफीको जन्म ठाउँमा, कफी बँगैचा गाउँ गाउँमा**
**मुसिकोटको सौरव, गुल्मीको गौरव**

भन्ने नारा सहित नमूना कफी बगैंचा स्थापना गरि **"कफी लगाऔ आम्दानी बढाऔ"** कार्यक्रमलाई आगामी आ.वमा समेत निरन्तरता दिइनेछ। यस कार्यक्रम मार्फत कफि रोपण/नर्सरी, बगैंचा व्यवस्थापन र बजार तथा प्रविधि पहुँचमा सहयोय/अनुदान उपलब्ध गराईनेछ।

२८. दैनिक उपभोग्य कृषिजन्य वस्तुहरुमा नगरपालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन गर्न नगरपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरुको पहिचान गरि व्यावसायिक तरकारी खेती प्रर्वद्धन, फलफूल खेती प्रर्वद्धन, मसलावाली प्रर्वद्धन कार्यक्रम संचालन गर्दै लगिने छ। साथै निश्चित मापदण्ड पूरा गरी घर वरिपरि करेसाबारी र फूलबारी निर्माण गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ।

२९. सक्रिय कृषक, कृषक समुह, सहकारीलाई मध्यनजर गर्दै उन्नत तरकारीको बीउ उत्पादन कार्यक्रम सुरु गरिनेछ।

३०. नगरपालिका भित्र प्राङगारिक कृषि उत्पादन र उपयोगलाई प्रर्वद्धन गर्न जैविक मल प्रर्वद्धन कार्यक्रम, प्राङगारिक मल तथा गड्योला मल उत्पादन जस्ता कार्यक्रमहरुलाई अगाडि बढाइनेछ।

३१. महिला, दलित, अल्पसंख्यक/आदिवासी तथा अति विपन्न समुदाय लक्षितलाई आर्थिक सशक्तिकरण र आत्मनिर्भरता बढाउन गुन्द्रुक, जाम, जेली, जडिबुटि, अचार इत्यादि जस्ता उत्पादनहरु उत्पादन गर्ने कृषि वनपैदावारजन्य साना तथा घरेलु उद्योगको संचालन गरिनेछ। लक्षित समुदायमा समूह परिचालन मार्फत विविध कृषि उत्पादन र आय आर्जनमूलक कार्यक्रम विस्तार गरिनेछ।

३२. वागबानी क्षेत्रमा व्यवसायिक रुपमा तल्लीन कृषकहरुलाई थप हौसला प्रदान गर्नको लागि "वागवानी फार्म, कृषक समुह र सहकारी संस्थाहरुको लागि बिरुवा वितरण कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

३३. बाँदर तथा अन्य वन्यजन्तुबाट बालीमा क्षति भएमा राहत वितरण कार्यक्रम संचालन गरिने छ ।

३४. नगरपालिका क्षेत्रभित्र उल्लेखनीय आर्थिक विकास हुने सम्भावना भएका तुलनात्मक लाभका क्षेत्र (जस्तै कृषि, उद्योग, पर्यटन) वा ठूला परियोजनाहरुमा लगानी गर्न उपयुक्त लगानीको वातावरण सिर्जना गरिने छ । कोषको अभाव रहने स्थितिमा नगर विकास कोष मार्फत सहुलीयतपूर्ण ऋण लिई एकल वा साझेदारीमा लगानी गर्ने वातावरण मिलाइनेछ ।

३५. स्थानीय स्तरमा परम्परागत रुपमा उत्पादन हुँदै आएका स्थानीय उत्पादन (जस्तै कोदोको पिठो, फापरको पिठो, मकैको आटो (च्याँख्ला), सिस्नोको धुलो, बाँकोको गुन्द्रुक, गहते सिमी, भटमास, गहत, टिमुर, आलस, मह इत्यादि) को व्यावसायिक उत्पादनको लागि प्रोत्साहन गर्दै खरिद सुनिश्चितता गरी विक्रीको उचित प्रवन्ध मिलाईनेछ ।

३६. नवीनतम प्रविधि अपनाउने र कृषि उत्पादन बृद्धि गर्ने हेतुले माटो परीक्षण सेवालाई प्राथमिकता दिईनेछ ।

३७. कृषि पशुपालन पेशा व्यवसायमा संलग्न किसानहरुलाई बीउ विजन र व्यावसायिक कृषि कर्ममा आवश्यक सामग्री खरिदमा (व्यक्ति, समूह, सहकारी वा निजी फर्मलाई) ७५% अनुदान-सहुलियत दिने व्यवस्थालाई निरन्तरता दिइने छ । यसमा बाँदर तथा वन्यजन्तु नियन्त्रण प्रविधि र औजार उपकरण समेत पर्नेछन ।

३८. कृषकहरुलाई नविनतम् प्रविधिसँग परिचित गराई कृषिमा उत्पादकत्व बढाउन सो सम्बन्धी तालिमको व्यवस्था गरिने छ । साथै तालिमहरुलाई समयानुकूल बनाईने छ । सम्भाव्य स्थानहरुमा सिंचाईको उचित व्यवस्था गरी सहकारी कृषिलाई बढावा दिईनेछ । सिँचाई कुलाहरुको निर्माण, मर्मत सुधार, प्लाष्टिक पोखरी र पाईपद्वारा सिँचाई समेत निरन्तर हाम्रा प्राथमिकतामा रहने छन् ।

३९. "आफ्नै गाउँ फर्की आउँ" कार्यक्रम मार्फत् अन्यत्रबाट मुसिकोट नगरपालिका भित्र बसाइसराइ गरि आएका र यस नगरपालिका भित्र व्यवसायिक कृषि वा अन्य उद्यमशील व्यवसाय संचालन गरी बसेका व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।

४०. कम्तीमा १ हेक्टर (२०) रोपनी भन्दा बढी क्षेत्रफलको उब्जाउ र खेतीयोग्य जमिन नगरपालिकालाई भाडा (लिज) मा कम्तिमा १५ वर्ष सम्मको अवधिलाई दिन चाहनेहरुका लागि त्यस्ता जमिन नगरपालिकाले लिजमा लिई खेती गर्न ईच्छुक तर जमिनको अभाव भएका व्यक्ति, समूह, सहकारी या निजी फर्मलाई सहुलियत दरमा भाडा तोकी जग्गा उपलब्ध गराउने गरी जग्गा लिज सम्बन्धि नीतिलाई निरन्तरता दिइनेछ ।

**पशु सेवा**

४१. पशुमा बाँझोपनको समस्या पहिचान र समाधान गर्न डोर टु डोर सेवा कार्यक्रम सञ्चालन गरिनेछ । प्रविधिमैत्री सेवालाई प्राथमिकता दिदै गर्भ जाँच, उपचार तथा प्रजनन परामर्श सेवा उपलब्ध गराईनेछ ।

४२. नस्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकामा कृत्रिम गर्भाधान सेवाको पहुँच विस्तार गरिनेछ । साथै, जहाँ AI सेवा सहजरूपमा उपलब्ध छैन, त्यस्ता दुर्गम तथा सहज सेवा नपुग्ने क्षेत्रहरूमा उन्नत प्रजनन क्षमता भएका साँडे तथा राँगोको वितरण गरिनेछ । स्थानीय पशुपालकहरूलाई लक्षित गरी प्रजनन सेवामा सुधार गर्दै पशु उत्पादनमा टेवा पुऱ्याइनेछ ।

४३. पशुपालक कृषकलाई जोखिम न्युनीकरण तथा वित्तीय सुरक्षाको दायरा भित्र ल्याउन पशु बीमा कार्यक्रमलाई नमुनाका रुपमा आ.व २०८२।०८३ देखि वडा नं. १ र ७ मा सुरुवात गरिनेछ ।

४४. दुग्धपदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वच्छ र स्वास्थ्य सुधार गर्ने गरी मासुपसल, बधशाला र दुग्ध/डेरी व्यवसाय सुधार गर्न व्यवसायीलाई उत्प्रेरित गरिनेछ । दुग्ध उत्पादन तथा दुग्ध व्यवसायको सुदृढीकरणका लागि दुग्ध व्यवसाय तथा दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५. आधुनिक उन्नत जातका गाई, भैंसी, बाख्रापालन तथा माछा पालनमा जोड दिइने छ । स्थानीय जातका कुखुरा पाल्ने किसान लक्षित कार्यक्रम ल्याइने छ । हाँस पालनलाई प्रवर्द्धन गरिनेछ ।

४६. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी बेरोजगारी कम गर्दै लगिने छ । व्यावसायिक पशुपालनमा विशेष गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक कृषि तालिम र बिशेष कार्यक्रमको व्यवस्था गर्ने कुरालाई निरन्तरता दिइने छ ।

४७. पशुपालक कृषकलाई लक्षित गरी पशु औषधि वितरण तथा घाँसको बीउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ । जनस्वास्थ्यमा प्रत्यक्ष असर पार्ने जुनोटिक रोगहरूको प्रभाव न्युनिकरण गर्न आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै, पशुपालक कृषकहरूको सीप अभिवृद्धिका लागि तालिम कार्यक्रम आयोजना गरिनेछ भने पशु सेवा प्रविधिकहरूको प्राविधिक क्षमता विकासका लागि विशेष तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. मुसिकोट नगरपालिकाको वडा नं ७ मा अवस्थित भेटेरीनरी अस्पतालमा पशु चिकित्सक सहितको सेवालाई विस्तार गर्दै थप व्यवस्थित र नियमित बनाईनेछ ।

४९. नगरपालिका क्षेत्रभित्र कुकुरको संख्यामा वृद्धिसँगै टोकाइजन्य घटना तथा रेविज रोगको जोखिमको दीर्घकालीन समधानका लागी सामुदायीक कुकुरहरुमा रेविज रोग विरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ । र त्यस्ता कुकुरहरुको बन्धायकरणमा जोड दिइनेछ ।

**शिप विकास र रोजगार प्रवर्धन कार्यक्रम**

५०. स्थानीय तहमा संचालित व्यापार/व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशिलतामा जोड दिइनेछ । निजीक्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी प्रोत्साहन गर्दै विकास गतिविधिमा जोड दिई कार्यक्रम अगाडी बढाईने छ ।

५१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशीलता विकास गर्ने र यस नगरपालिका भित्र लघु, घरेलु तथा साना उद्योगहरु स्थापना गरि उद्यमशिलता विकास गर्नका लागि विभिन्न सीप विकास तालिमहरु नगरपालिकाले प्रदान गर्दै आइरहेको छ । आगामी आ.व मा समेत MEDPA कार्यक्रम मार्फत साना तथा लघु उद्यमी सिर्जना गर्ने गरी सीप विकास तालिम प्रदान गरिनेछ ।

५२. उद्योगहरुको स्थापना र संचालनको लागि वित्तीय पूँजीको लागि बैँङ्कमार्फत् आवश्यक ऋणको सिफारिस गर्ने व्यवस्था गरिने छ । नगरपालिका भित्र संचालित बैङ्कहरुले आफूले प्रवाह गर्ने कर्जाको निश्चित प्रतिशत रकम औद्योगिक ऋणको रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

५३. वैदेशिक रोजगारमा गएका युवाहरुलाई फर्किने वातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वातावरण तयारी गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिने छ ।

५४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत सम्भार गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामग्री, हाते औजार र सुरक्षाका सामग्री खरिदका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम बीच साझेदारी गरी आयोजना सञ्चालन गरिनेछ ।

५५. वैदेशिक रोजगासीमा रहेको बेला केहि दुर्घटना भएका व्यक्तिहरुलाई संघीय सरकारबाट पाउने आर्थिक सहायताका लागि सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५६. आन्तरिक रोजगारी प्रवर्द्धनको लागि यस नगरपालिकामा रोजगार रणनीति तर्जुमा, अध्यावधिक र कार्यान्वयन गरिनेछ । आन्तरिक रोजगारीका लागि रोजगार संवाद मञ्चलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५७. आन्तरिक रोजगारीका लागि र वैदेशिक रोजगारीका लागि विभिन्न तालिम प्रदायक संस्था तथा CTEVT का आङ्गिक शिक्षालयसँग समन्वय गरी सिपमूलक तथा उद्यमशिलता विकासका तालिम सञ्चालन गरिनेछ ।

५८. वैदेशिक रोजगारमा गएका र जान चाहने तथा वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई लक्षित गरी वैदेशिक रोजगार सम्बन्धमा तालिम र अभिमुखिकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालनमा ल्याइनेछ ।

५९. मुसिकोट नगरपालिकाको स्थायी बासिन्दाको कारणबस विदेशी भुमिमा मृत्यु भएको खण्डमा निजका परिवारका निकटतम सदस्यलाई राहत स्वरुप केही सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । वैदेशिक रोजगारीको शिलशिलामा अल्पत्र अवस्थामा परेका नगरवासीहरुका पिडा र समस्या सम्वोधन गर्न तथा उद्धारमा सरोकारवाला निकायसँग समन्वय गर्न नगरकार्यपालिकाको कार्यालयमा रहने हेल्प डेस्क र रोजगार सेवा केन्द्र मार्फत काम गर्ने गरी सम्पर्क व्यक्ति तोकिएको व्यहोरा समेत सम्मानित सभामा अवगत गराउँदछु ।

६०. रोजगार शाखा मार्फत वैदेशिक रोजगारीमा जानेहरुलाई श्रम स्वीकृति (पुन स्वीकृति) प्राप्त गर्न दिइँदै आएको सेवा नियमित रुपमा प्रदान गरिनेछ ।

६१. औजार-उपकरणहरु मर्मत, सीप विकास र व्यवसायिक परामर्श/प्रदर्शनी तथा मागमा आधारित छोटो अवधिको तालिम सेवा एउटै ठाउँबाट उपलब्ध गराउने गरी यस वर्ष नगरभित्र सीप तथा रोजगार मेलाको आयोजना गरिनेछ ।

**पर्यटन**

६२. स्वारा होमस्टेलाई व्यवस्थित गरी व्यवसायिकीकरण गरिदै छ भने मालिका मन्दिर क्षेत्र, मुसिकोट दरबार, सालिमे दहलाई संरक्षणगरी ... सहयोग पुग्ने गरी कार्यक्रम ल्याइनेछ । आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा रहेको

पर्यटन प्रवर्धनको लागि मुसिकोटमा रहेका महत्वपूर्ण ऐतिहासिक एवं सामाजिक धरोहरको संरक्षण एवं सम्वर्धन गर्न विशेष पहल गरिने छ। यसको लागि "**निर्मित सार्वजनिक सम्पत्तीको संभार**" नामक कोषको व्यवस्थापन र परिचालन गरिनेछ। यस कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा निरन्तर रोजगारी निरन्तर निर्माण तथा म.सु. कार्यक्रमको बजेट र सूचिकृत बेरोजगार जनशक्तिको समेत प्रयोग गरिने छ।

६३. आन्तरिक एवम् बाह्य पर्यटकलाई लक्षित गरि नगरपालिका भित्र रहेका प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरुलाई समेटेर पर्यटन सर्किट बनाई आवश्यक गतिविधिहरु अगाडि बढाइनेछ।

६४. नवनिर्मित स्वाँरा-सालिमे पदमार्गलाई सालिमेदह जाने पदमार्गीहरुको लागि ट्रेकिङ/ट्रेल रुटको रुपमा विस्तार गरीनेछ।

६५. स्वारा -सालिमेदह पदमार्ग सम्पन्न गरिनेछ र सालिमे-सोलाथापे, मालिका-स्वारा, थुम-मुसिकोट दरबार लगायत अन्य पदमार्गी रुटको पहिचान गरी निर्माण तथा स्तरोन्नतीमा जोड दिँदै "**पुण्य भूमिमा पदयात्रा**" अभियान संचालन गरिनेछ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**सामाजिक विकास**

६६. नेपालको संविधानले सामाजिक विकाससँग सम्बन्धित बिषयहरूलाई उच्च प्राथमिकता दिएको छ। संविधानको मौलिक हक अन्तर्गत माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, आधारभूत तहको स्वास्थ्य सेवा तथा पोषण सुविधा, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हक, सुरक्षीत आवासको हकलाई प्रत्याभूत गरिएको छ। यसैगरी संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग र क्षेत्रका नागरिकहरुको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ।

६७. मुसिकोट नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक विकास योजनाको क्षेत्रगत योजनाका रूपमा सामाजिक विकास योजना व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिबृद्धिमा केन्द्रित रहेको छ। क्षेत्रगत योजना अन्तर्गत शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकूद र भाषा, कला तथा संस्कृति जस्ता उप–क्षेत्रहरू समेटिएका छन्।

६८. **"गुणस्तरीय एवं व्यावहारिक शिक्षा" "गुणस्तरीय स्वास्थ्य सेवा तथा दिगो पोषण सुविधामा पहुँच"** आवधिक योजनामा समाविष्ट सामाजिक विकासका सोंचहरु हुन्।

**शिक्षा**

६९. **"मानव क्षमताको आधारः शिक्षा"** भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरुप मुसिकोट नगरपालिकाको शैक्षिक क्षेत्रलाई व्यवस्थित गरिने छ। विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइने छ।

७०. अतिरिक्त कला र खेल प्रशिक्षकहरुको नियुक्ति गरी नगरपालिकामा अध्ययनरत विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको विकास गरिदै आएको र यसको प्रभाव सकारात्मक देखिएको हुदा आगामी आ.व. देखी I.T. र मार्शल आर्ट शिक्षक समेत नियुक्त गरी वालवालिकाको चौतर्फी विकासलाई थप टेवा पुर्याईनेछ।

७१. गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन" "विद्यालय दिवा खाजा"** को कार्यक्रमलाई थप व्यवस्थित र गुणस्तरीय बनाइनेछ।

७२. सूचना प्रविधि मैत्री शिक्षा बनाउन पछिल्लो सूचनाको विकासलाई अवलम्वन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिने छ। विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामानहरुको समूचित व्यवस्था गरिने छ। शिक्षाको गुणस्तर अभिबृद्धि गरी नतिजामुखी बनाइने छ। नैतीक शिक्षा, सहकारी शिक्षा, उद्यमशील शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिईने छ। कक्षा १ देखि ५ सम्मको लागि मुसिकोटको आफ्नै स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण कार्य सम्पन्न हुदैँछ भने लेखनको क्रममा रहेको कक्षा ६ - ८ को स्थानीय पाठ्यक्रमको आधारमा आगामी आ.व.मा पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीको हातमा निशुल्क पाठ्यपुस्तकको पहुँचको व्यवस्था गरिनेछ।

७३. नगरपालिकाको वडा नं.- ५ झक्लले-भुकुवा क्षेत्रमा hotel management कक्षा सञ्चालनका लागि CTEVT सँग अनुमति माग गरिएको छ,अनुमति पश्चात व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिने छ।

७४. शिक्षाबाट वञ्चित एवं पँहुच पुग्न नसकेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउने मूल नीति हाम्रो रहिं आएको छ। बाल श्रम शोषण, बाल विबाह, बाल हिंसा एवं बाल दुर्व्यवहार अन्त्य गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। उच्च शिक्षा अध्ययनरत दलित र अल्पसंख्यक छात्राहरु र सबै प्रकारका अपाङ्गता भएका वालवालिकाहरुलाई पढाइमा सहयोग पुर्याउन मुसिकोट नगरपालिकाबाट स्थापित/संचालित उच्च शिक्षा प्रोत्साहन छात्रवृत्तिलाई निरन्तरता दिँदै माग र आवश्यकताका आधारमा यसलाई विस्तार गर्दै लगिनेछ। सरकारी एवं गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा बालमैत्री टोल, वडा हुंदै बालमैत्री नगर स्थापना गर्ने नीति लिइनेछ।

७५. संघीय सरकारको **"उद्यमशीलता मैत्री शिक्षा"** नीति अनुरुप **"शिक्षालाई शिपसँग, शिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न"** का लागि विभिन्न कृयाकलापहरु संचालन गरिनेछ।

७६. वालवालिकासँग उपप्रमुख कार्यक्रम मार्फत कक्षा आधारभुत तहका (६-८) का वालवालिकाहरुलाई वालवालिकाहरुलाई यस वर्ष वितरण गरिएको स्कुल झोला कार्यक्रमलाई आगामि वर्ष कक्षा ५ सम्मका सबै वालवालिकामाझ पुर्याई सामुदायिक विद्यालयहरुमा विद्यार्थीको उपस्थिति वृद्धि गर्ने वातावरण मिलाइनेछ।

७७. नगरपालिकाले खेलकुद-स्वास्थ्य-शिक्षाको सम्वन्ध स्थापित गर्न खेलकुदलाई उच्च प्राथमिकता दिएको छ। चालु आर्थिक वर्षमा समेत गरी लगातार चौथो पटकसम्म जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा अन्य ११ वटा स्थानीय तहलाई पछाडी पार्दै रनिङ्ग शिल्डमा जित हात पारेको यौरव हामीसँग छ। विभिन्न स्थानीय तहले आयोजना गर्ने खेलजन्य गतिविधिहरुमा समेत खेलाडीहरुलाई सहभागी गराई प्राप्त सफलता सँगै निरन्तर सफलताको लागि आवश्यक वजेट विनियोजन गरिने छ।

७८. खेलकुद क्षेत्रको विकासका लागि मागका आधारमा नगरपालिकाका सबै क्षेत्रमा भलिबल/फुटवल लगायत अन्य खेलका मैदानहरुको निर्माण गरिनेछ र नगरपालिकाको प्रस्तावित रङ्गशाला ग्वादिकाचौर खेलमैदानलाई क्षेत्रीय स्तरको रङ्गशाला रुपमा विस्तार गर्न आवश्यक पहल गरिनेछ। १ वडा १ खेल मैदान स्तरोन्नतीको नीति अनुरुप प्रत्येक वडामा खेल गतिविधि बढ्ने वातावरण तयार गरिनेछ।

७९. शिक्षक दरबन्दी न्यून तर विद्यार्थी संख्या अधिक भएर संकटमा रहेका बिद्यालयहरुमा स्थानीय समुदाय र अभिभावकहरु माथिको बोझ कम गर्न र शैक्षिक गुणस्तर उकास्न शैक्षिक गुणस्तर विकास कोष कार्यक्रम मार्फत स्वयमसेवक शिक्षकहरु नियुक्तीका लागि सहयोग गरिनेछ।

८०. नगरपालिका अन्तर्गतका माध्यमिक तह सम्म संचालित विद्यालयहरुमा प्रत्येक महिनाको अन्तिम शुक्रबार भाषा, नैतिक शिक्षा, सीप तथा प्रविधि जस्ता विषयका अतिरिक्त कक्षा संचालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

८१. दलित र सिमान्तकृत समुदायका छात्रा र अपाङ्गता भएका छात्र/छात्राहरुलाई उच्च शिक्षा (स्नातक तह र स्नाकोत्तर तह) अध्ययनमा प्रोत्साहित गर्नको लागि तह अनुसार वार्षिक छात्रवृति उपलब्ध गराईने छ भने गरिब विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरी शिक्षामा समतामुलक पहुचलाई जोड दिइनेछ।

८२. शिक्षण सिकाई उपलब्धी वृद्वि गर्न आवश्यक विषयगत तालिमका साथै शिक्षकका कक्षा अवलोकन गरी मागका आधारमा आवश्यक तालिम सञ्चालनार्थ आवश्यक वजेट विनियोजन गरिनेछ।

८३. सामुदायिक विद्यालयका शिक्षकहरुलाई सूचना-प्रविधी सम्वन्धी तालिम, एकिकृत पाठ्यक्रम सम्वन्धी तालिमका साथै नवप्रवर्तनमा आधारित तालिम प्रदान गरी समयानुसार शिक्षण सीपमा अध्यावधिक गराइनेछ।

८४. विद्यालय सघन अनुगमन गरी यस वर्ष पनि विद्यालय समायोजन, तह घटुवा, दरवन्दी मिलान जस्ता क्रियाकलापहरु गरिदै आएकोमा आगामी आवमा अझ व्यवस्थित रुपमा अनुगमन गरी विद्यार्थी-शिक्षक अनुपात कायम गर्न पहल गरिनेछ।

८५. अनाथ,विपन्न आदि कारणले शिक्षावाट वञ्चित हुन नदिन र नेपालको संविधान अनुरुप "अनिवार्य आधारभुत शिक्षा" कार्यान्वयन गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ।

८६. मुसिकोट नगरपालिकामा साँस्कृतिक,ऐतिहासिक,परम्परागत आदि सामाग्रीहरुको संग्रहालय स्थापना गरिनेछ।

८७. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई नमुना आवाशीय विद्यालय सञ्चालन र आधारभुत तहमा अध्ययरत विद्यार्थीहरुलाई यातायात शुल्क प्रदान गरी न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई तह घटुवा र समायोजनको निति लिइनेछ।

८८. यस नगरपालिकामा स्थायी बसोबास गर्ने कक्षा ८ देखी १० सम्म यसै नगरपालिकाको सामुदायीक विद्यालयमा अध्ययन गरी कक्षा १० र १२ मा उत्कृष्ट हुन सफल जम्मा २ जना छात्र/छात्रालाई मुसिकोट नगरपालिकासँग भगिनी सम्वन्ध कायम भएको जापानको वुङ्गोआनो नगरपालिकामा (sister cityमा) पठाई क्षमता विकास गर्नका लागि पहल गरिनेछ।

८९. विद्यालय र नगरपालिकाको साझेदारीमा विद्यालयस्तरमा वक्तृत्वकला, हाजिरीजवाफ, वादविवाद, नृत्य, गायन लगायत अन्य

## स्वास्थ्य

९०. स्वास्थ्य सेवालाई गुणस्तरीय तथा पहुँचयोग्य बनाउन यस क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अपाङ्ग सबैलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गराई सबै लिङ्ग, क्षेत्र, आर्थिक रुपले विपन्न, शारीरिक अशक्तलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन नगरपालिकाले संचालन गर्दै आएको नियमित/आवधिक घुम्ती स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरीय बनाइनेछ ।

९१. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा महिलाहरुमा प्रमुख समस्याको रुपमा रहेको पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान संचालन गरिनेछ, साथै २ बर्ष मुनिका बालबालिकाहरुलाई नियमितरुपमा खोप सेवा प्रदान गरि **"पूर्णखोपयुक्त नगरपालिका"** सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९२. स्वास्थ्य संस्थाहरुमा औषधीको कमी हुन नदिन सो अनुरुप बजेटको व्यवस्था र आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइने छ । स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेर आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकको सेवा सुविधाका निम्ती आवधिक रुपमा चिकित्सकको सेवा सहित विभिन्न स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

९३. मातृ तथा नवशिशु स्वास्थ्य सुदृढीकरणको लागि स्वास्थ्य चौकीहरुमा ग्रामिण अल्ट्रासाउण्ड (भिडियो एक्स रे) सेवा विस्तार कार्यक्रमलाई निरन्तरता दिइने छ । स्वास्थ्य संस्थामा हुने प्रसुती दरमा बृद्धिको लागि एम्बुलेन्स खर्च तथा पोषण खर्च बापत रकम उपलब्ध गराईनेछ । साथै जटिलता भई प्रेषण गर्नु पर्ने अवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने कार्यलाई प्रभावकारिताका साथ निरन्तरता दिइनेछ ।

९४. पोषण मैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी बनाउन कुपोषण, खोज पडताल तथा अतिशीघ्र कुपोषित बच्चाहरुलाई पुनर्स्थापना केन्द्र सम्म जान आउनको लागि यातायात खर्च उपलब्ध गराईनेछ ।

९५. क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अन्तरगत यस नगरपालिकालाई क्षयरोग मुक्त बनाउन संघ, प्रदेश र यस नगरपालिकाको सहकार्यमा प्रभावकारी कार्यक्रमहरु संचालन गरिनुको साथै प्रयोगशाला सेवालाई गुणस्तरीय तथा व्यवस्थित बनाईने छ र A.I. प्रविधिबाट क्षयरोग पत्ता लगाउने कार्यलाई निरन्तरता दिइनेछ ।

९६. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराई रहेका मृगौला रोगी, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च बापत मासिक रु. ५ हजारका दरले चौमासिक रुपमा भुक्तानी दिने व्यवस्थालाई निरन्तरताका साथ सेवामुखी कार्यका रुपमा नियमित गरिनेछ ।

९७. स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई व्यवस्थित तथा गुणस्तरीय बनाई तथ्याङ्क लाई व्यवस्थित बनाउन paperless/less paper अवधारणा अनुरुप eHMIS कार्यक्रम सम्पूर्ण संस्थामा लागू गरिनेछ ।

९८. यस नगरपालिकाका सम्पूर्ण वडाहरुमा बसोबास गर्ने नागरिकहरुले रगतको अभावमा ज्यान गुमाउन नपरोस भन्ने मनसायका साथ नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा रुपन्देही अन्तर्गतको रक्तसंचार सेवा केन्द्र बुटवल/भैरहवाबाट नियमित रगतको आपूर्ती गर्नको लागि उक्त संस्था सँग सम्झौता गरि कार्यान्वयनमा ल्याईएको व्यहोरा सभा समक्ष अवगत गराउन चाहन्छु ।साथै आगामी आ.वमा पनि निशुल्क रक्तसंचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९९. स्वास्थ्य सेवालाई गुणस्तरीय, थप जनमुखी र प्रभावकारी बनाउन यसै आ.व बाट यस नगरपालिकाको कुनै एक स्वास्थ्य संस्थाबाट नमुनाको रुपमा सहुलियत फार्मेसी सेवाको सुरुवात गरिने छ ।

१००. स्वास्थ्य सेवाको मेरुदण्डको रुपमा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरु नियमित रुपमा स्वास्थ्य संस्था तथा जनतासँग सम्पर्कमा रहनु पर्ने भएकोले निजहरुको कामको उच्च मूल्यांकन गर्दै मासिक रुपमा संचार सुविधा उपलब्ध गराउने कार्यको सुरुवातसँगै पहिचानको लागि साईनवोर्डको व्यवस्था गरिने छ ।

१०१. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै वार्षिक रुपमा विद्यार्थीहरुको पोषण स्थितिको लेखाजोखा गरिनेछ ।

## खानेपानी

१०२. नगरपालिका भित्रका सबै खानेपानी वितरण प्रणालीमा शुद्धिकरणको आवश्यक प्रवन्ध मिलाईनेछ । खानेपानीको एक घर एक धारा कार्यक्रममा शत प्रतिशत उपलब्धि हासिल गर्ने र सबैमा शुद्ध खानेपानीको पहुँच पुर्याउने लक्ष्यका साथ संघ,प्रदेश या अन्य निकायको [illegible] न्यूनतम २५% सहभागीता पछि पनि धारा निर्माण अधुरो रहने स्थितिमा

नगरपालिकाको तर्फबाट प्रति धारा /प्रति घर उपभोक्तालाई दक्ष मिस्त्री र सिमेन्ट उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। खानेपानी उपभोक्ताहरुलाई केही प्रतिशत अनुदान दिने नीति कायम गर्दै सामान्य (ग्राभिटी) का उपभोक्ताहरुलाई सामान्य सहुलियत र लिफ्टिङ्ग (विद्युत) संचालित योजनाका उपभोक्ताहरुलाई विशेष सहुलियत दिनेगरी अनुदानको व्यवस्था गरिनेछ।

१०३. नगरस्तरको खानेपानी तथा सरसफाई कार्यक्रममा एकरुपता, समन्वय र समस्या समाधानमा सहिय रहने गरी बोर्ड गठन प्रकृया अपनाईनेछ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्ग र संस्कृति प्रवर्द्धन

१०४. हाम्रो संस्कृति हाम्रो पहिचान हो। नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिकस्थल, मौलिक संस्कृति, प्राचीन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिई संस्कृति संरक्षण गरिनेछ।

१०५. घरेलु हिंसा, छुवाछुत लगायतका सामाजिक हिंसा र विभेद रहित लैंगिक समतायुक्त नगरपालिका बनाउन अभियानहरु चलाईनेछ। बालमैत्री, वातावरणमैत्री एवम् अपाङ्गतामैत्री समाज तथा पूर्वाधार निर्माणको लक्ष सहितको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०६. छुवाछुत, सामाजिक कुरिति, अन्धिवश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरुलाई कमी गरी सामाजिक सहिष्णुता र सौहार्दता सहितको समतामूलक समाजको आधार तयार गरिनेछ।

१०७. परम्परागत पेशा अपनाइ रहेका विभिन्न समुदायका शिल्प व्यावसायीलाई प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।

१०८. अपाङ्गता भएका व्यक्तिको लागि सहायता सामाग्री उपलब्ध गराउने कार्यलाई आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ। नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिने छ। अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लागि आवश्यकताका आधारमा सीपमूलक तालिम संचालन तथा सशक्तिकरण गर्ने नीति लिइने छ। अपाङ्गता भएका व्यक्तिले संचालन गर्ने व्यवसायलाई अनुदान दिने, सुलभ ऋणको लागि सिफारिस गर्ने जस्ता कार्य गरिनेछ।

१०९. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आय आर्जनमा बृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानूनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरुको क्षमता अभिबृद्धिका लागि सीपमूलक, चेतनामूलक कार्यक्रमलाई प्रथमिकता दिइनेछ।

११०. नगरपालिकाले खर्च व्यहोर्ने कुनै पनि तालिम कार्यक्रममा सहभागीहरु मध्ये अपाङ्गता भएका व्यक्तिहरुबाट समेत प्रतिनिधित्व हुनेगरी सहभागिताको सुनिश्चितता गरिनेछ।

१११. असहाय अवस्थामा रहेका अनाथ बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका लगायत सामाजिक संरक्षण तथा सुरक्षा आवश्यक पर्नेका लागि शिक्षा-दीक्षा, मनोरञ्जन, हेरचाह र शीपयुक्त कार्यक्रम सहितको आश्रय स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

११२. अति गरिबी या विपदको कारण घर, आवास, शौचालय व्यवस्थित गर्न नसकेका नागरिकहरुलाई सहयोग दिन र घरबार विहीन बनेकालाई आवास निर्माणमा टेवा पुऱ्याउन आ.व २०८०।०८१ देखि संचालनमा रहेको **"विपद र गरिबीमा हाम्रो नगरको भर: आवास क्षेत्र र शौचालय सुधार, घर नभएकालाई घर"** कार्यक्रम लाई आ.व २०८२।०८३ मा पनि निरन्तरता दिइनेछ।

११३. मुसिकोट नगरपालिका भित्र रहनु भएका ज्येष्ठ नागरिकहरु हाम्रो समाजको पूरातात्विक, सामाजिक, सास्कृतिक महत्वका विषयहरु बारेमा ज्ञान भएका जिवित संग्रहालयको रुपमा रहनु भएको हुनाले यस्ता व्यक्तिहरुको सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११४. मुसिकोट नगरपालिकाभित्र रहेका आफ्नो हेरचाह आफै गर्न नसक्ने अति अशक्त व्यक्तिहरुको हेरचाहमा संलग्न व्यक्तिहरुलाई सो गरेबापत प्रोत्साहन गर्न सहयोग रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११५. बाल विवाह अन्त्य गर्नका लागि र मुसिकोट नगरपालिकालाई बाल विवाह मुक्त बनाउने उद्देश्यले यस आ.वमा प्रत्येक वडाका मुख्य मुख्य स्थलहरुमा जनचेतना अभिवृद्धि गर्ने प्रयोजन स्वरुप होर्डिङ बोर्ड बनाई राखिएको छ भने आगामी आ.व २०८२।०८३ मा वाल विवाह अन्त्यका लागि थप कार्यक्रम बनाइ कार्यान्वयन गरिनेछ।

११६. बालबालिकाको शारीरीक तथा मानसिक विकास हुने विविध कृयाकलापलाई प्रोत्साहन गरिनेछ। मुसिकोट नगरपालिका भित्र रहेका एकल तथा अनाथ बाल बालिकाहरुको बाल अधिकारलाई ध्यान दिंदै उनीहरुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। साथै चालु आ.व.मा केही विद्यालयहरुमा बाल क्लव गठन गरिसकिएको छ भने आगामी आ.व मा बाँकी रहेका सबै विद्यालयमा बाल क्लब गठन गरी उक्त क्लबहरुलाई सक्रिय बनाउनेछ।

११७. असहाय नागरिक, अशक्त नागरिक र अनाथ/वालवालिकाहरुको व्यवस्थापन लगायत समग्र मानवकल्याणसँग सम्बन्धित कार्यमा यस क्षेत्रमा कार्य गर्दै आएका सँघ/संस्था सँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ। बाल उद्यान स्थापना, संचालन/व्यवस्थापन गर्ने नितीलाई प्राथमिकता पूर्वक निरन्तरता दिईनेछ।

## भौतिक पूर्वाधार विकास

११८. नगर क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ। पूर्वाधारको विकासबाट नागरिकहरूमा अन्तर आवद्धता विस्तार भई आवागमन, बजार, सेवा सुविधामा सहज पहुँच विस्तार भइ विकास नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ।

११९. चालु आ.वमा सडक यातायात गुरु योजना तयार भैरहेको व्यहोरा यस सम्मानित सभालाई अवगत गराउँदै दिगो विकासको लक्ष्य अनुरुप विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईने छ। वातावरणीय प्रभावहरुको मूल्याङ्कन गरी सडकहरुलाईं प्राथमिकताका आधारमा स्तरोन्नति गर्दै लगिने छ। सडकको स्तरोन्नतिका लागि सम्बद्ध सबै निकायसँग समन्वय गरिने छ।

१२०. चालु आ.व मा साझेदारीमा कार्य भैरहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहेको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत आ.व २०८२।०८३ मा समेत भौतिक पूर्वाधार सुधारतर्फ स्थानीय सडकको स्तरोन्नती, सिँचाई, खानेपानी एवं विपद् व्यवस्थापनको क्षेत्रमा दिगो योजना बनाई कार्यान्वयन गर्न सकारात्मक अवस्था रहेको व्यहोरा सभासमक्ष जानकारी गराउँदछु।

१२१. दिगो विकासका लक्ष्य, राष्ट्रिय नीति, नेपाल सरकारको पञ्चवर्षीय योजना साथै संघीय एवं प्रदेश सरकारले पहल गरेका विकासका योजनहरुको स्थानीयकरण र आन्तरिकीकरणमा जोड दिँदै आवधिक योजना र मध्यमकालीन खर्च संरचनालाई आगामी आ.व. मा अद्यावधिक गरी थप वस्तुनिष्ठ र प्रभावकारी बनाइनेछ।

१२२. नगरपालिका क्षेत्र भित्र संचालन हुने यात्रुवाहक सवारी साधन र अन्य सवारी साधनहरुको नियमित र व्यवस्थित सञ्चालनका लागि आवश्यक पहल गरिनेछ। यात्रुहरुको सुरक्षालाई मध्यनजर गरी यात्रुहरु ओसारपसारमा प्रयोग हुने २ पाङ्ग्रे/४ पाङ्ग्रे सवारी साधनलाई सूचीकृत गरी व्यवस्थित बनाईनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम, निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम, सडक बोर्ड नेपालसँगको साझेदारी र नगरपालिकाको आफ्नै श्रोत परिचालन गरि नगरपालिका भित्रका मुख्य सडक सञ्जाललाई वडा केन्द्र सम्म बाह्रै महिना सवारी चल्ने गरि नियमित र व्यवस्थित गरिने छ।

१२३. नगरपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नियमित मर्मत सम्भारबाट ग्रामीण यातायात सुरक्षित र भरपर्दो बनाउनका निम्ति चालु आ.व मा नगरपालिकाले आफ्नै JCB खरिद गरेको व्यहोरा सम्मानित सभासमक्ष जानकारी गराउँदछु।

१२४. पूर्वाधार विकासका काममा र निर्मित सार्वजनिक सम्पत्तीको संरक्षण गर्न युवा र महिलाहरुलाई कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रम सञ्चालन गरिने छ।

१२५. सार्वजनिक सेवामा सहज पहुँच सुनिश्चित गर्दै र स्थानीयको आवश्यकतालाई मध्यनजर गर्दै वडा कार्यालयमै गई योजना सम्झौता गर्ने, बैंक खाता खोल्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२६. उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरु मध्ये निर्धारित समयमा सबै योजना सम्पन्न गरि भुक्तानी लैजाने वडाहरुलाई आगामी आ.वमा कार्यसम्पादनमा आधारित प्रोत्साहन बजेटको व्यवस्था गरिनेछ। साथै उपभोक्ता समितिमा महिला सहभागिता सुनिश्चित गर्न महिलाहरु मात्रैको सहभागितामा गठन हुने र सम्झौता अवधि अगावै कार्य सम्पन्न गर्ने महिला उपभोक्ता समितिलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ।

१२७. नगरपालिका क्षेत्र भित्र निर्माण हुने आवासीय तथा व्यवसायिक भवनलाई व्यवस्थित गर्न निर्माणपूर्व नै घर/नक्शा पास गर्नु पर्ने कार्यलाई अनिवार्य गरिनेछ र निर्माण सम्पन्न भईसकेका आवासीय तथा व्यवसायिक भवनको पूर्ण घर/नक्सा अभिलेखलाई अभियानको रुपमा अगाडी बढाइनेछ।

१२८. निर्मित सार्वजनिक सम्पत्तिको सुरक्षा र मर्मत संभारको लागि मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापनलाई निरन्तरता दिइने छ।

१२९. नगरपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा वातावरण मैत्री संरचना निर्माणमा जोड दिने विषयलाई निरन्तरता दिई कार्यान्वयन गरिने छ। विकास आयोजना संचालन गर्दा समय, लागत र गुणस्तरको ख्याल गरि अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाइने छ।

१३०. आयोजनाहरुको प्रभावकारिता र दिगो विकासलाई मध्यनजर गर्दै नगरपालिका तथा संघ एवं प्रादेशिक कार्यालयहरुबाट समेत कार्यान्वयन हुने योजनाहरुको सघन अनुगमन गर्ने कार्यलाई नियमित गरिनेछ।

१३१. पहिचानको रुपमा नगरपालिकाको केन्द्र र अन्य वडाहरुमा आवश्यकता पहिचान गरी विभिन्न प्रयोजनको लागि जग्गा प्राप्ती गर्न विशेष पहल गरिनेछ । वामीटक्सारको स्मार्ट पार्क, जेष्ठ नागरिक विश्राम तथा मनोरञ्जन पार्क, ग्वादिकाचौर खेलमैदान/प्रस्तावित रङ्गशाला, डम्पिङ साइट र फोहोर संकलन केन्द्र, वडास्तरमा नमुना बगैंचा, संरक्षण पोखरी, प्रतिक्षालय र मनोरञ्जन पार्क निर्माणको काम मुसिकोटका प्राथमिकताका बिषयहरु हुन् । अन्य श्रोत साधनको लागि संघीय सरकार एवं प्रदेश सरकारसँग विशेष पहल गरिने छ भने जग्गा प्राप्ति र जग्गा व्यवस्थापन नगरपालिकाबाट गरिनेछ ।

१३२. उपभोक्ता समिति मार्फत सञ्चालन हुने सिंचाई योजनाहरुमा २५ प्रतिशत, अन्य विकास निर्माणका योजनहरुमा १० प्रतिशत र खानेपानी सम्बन्धि योजनाहरुमा ३० प्रतिशत जनसहभागितालाई निरन्तरता दिइनेछ ।

१३३. नगरपालिका भित्रका सार्वजनिक, पर्ति तथा सरकारी सामुदायिक स्वामित्वका जग्गा अभिलेखिकरणलाई अभियानको रुपमा लगिनेछ । नगरपालिका भित्रका सार्वजनिक, पर्ति तथा सरकारी सामुदायिक स्वामित्वका जग्गा अतिक्रमण भए/नभएको यकिन गरि संरक्षणको निम्ति उपयूक्त नीति अवलम्बन गरिने छ ।

१३४. नगरपालिका भित्र रहेका भूमिहिन सुकुम्बासी, भूमिहLन दलित र अव्यवस्थित बसोबासीमा सूचीकृत भएका लाभग्राहीहरुको व्यवस्थापनका लागि गुल्मी जिल्ला भूमि आयोग, जिल्ला कार्य समितिसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।

१३५. नगरपालिका भित्रका जग्गा वर्गीकरण र भू-उपयोग नक्सांकन गर्ने कार्यको सुरुवात गरिनेछ ।

१३६. नगरपालिकाबाट सञ्चालित आयोजनाहरुलाई दिगो र प्रभावकारी बनाउन तथा समयमै कार्यसम्पन्न गराउन अनुगमन तथा मुल्यांकन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । हरेक आयोजनाको निर्माणपूर्व, निर्माणको अवस्था र निर्माण सम्पन्न पश्चात गरी कम्तिमा ३ पटक योजनाहरुको अनुगमन गरिनेछ । हरेक ३ महिनामा नगरकार्यापालिकामा सो सम्बन्धी समिक्षा गरिने छ ।

१३७. नगरपालिका मार्फत सञ्चालित हरेक आयोजनामा संलग्न कामदारहरुको अनिवार्य रुपमा सामुहिक दुर्घटना विमा गरिनेछ भने उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा योजनाको सम्झौता गर्ने, अनुगमन गराउने, बैठक व्यवस्थापन गर्ने र भुक्तानी लिनेसम्मको कार्यको लागि आयोजनाको लागत अनुमान तयार गर्दा छुट्टै व्यवस्थापन खर्चको व्यवस्था मिलाईनेछ ।

१३८. अन्य अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक/निर्माणकर्मीहरुको पनि नगरपालिका/वडामा सूचिकृत भएकाको हकमा दुर्घटना विमा गर्न सहयोग पुर्याईनेछ ।

१३९. आकस्मिक रुपमा सडक अवरुद्ध भएको या विपदका स्थितिमा नगरप्रमुखले/कार्यपालिकाले तोकेबमोजिमको परिमाणमा प्रमुख प्रशासकीय अधिकृत र प्राविधिकसँगको समन्वय र परामर्शको आधारमा त्यस ठाउँमा उपलब्ध जनप्रतिनिधि (उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य) ले तत्काल मर्मत-व्यवस्थापन गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१४०. विपद् जोखिम न्यूनीकरण र उत्थानशील विकासलाई जोड दिई विपद् न्यूनीकरणलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।

१४१. नदीहरुको वैज्ञानिक उत्खनन् गरी संकलित नदिजन्य पदार्थको उपयोग गर्न समयमै ठेक्का वन्दोवस्त र राजश्व असुलिमा विशेष ध्यान दिइनेछ ।

१४२. वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यन्वयन गरिनेछ ।

१४३. जलवायु परिवर्तन र त्यसबाट हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै जोखिम संवेदनशील भू-उपयोग योजना बनाई जलवायु अनुकुलन कार्ययोजना तयार गरिनेछ ।

१४४. वातावरण संरक्षणमा कृयाशिल सामाजिक व्यक्तित्व, संस्था वा समूहको श्रम सहयोगमा वृक्षारोपण, वन नर्सरी, पदमार्ग, पोखरी तथा चौतारी निर्माण तथा भू-संरक्षणका लागि विशेष व्यवस्था गरीने छ । सार्वजनिक महत्वका पोखरी निर्माण र संरक्षण, नदी–खोला तटबन्ध र भल व्यवस्थापन, चौपारी निर्माण, बाटीका निर्माण र भू-संरक्षण, चौपारी निर्माण र बृक्षारोपण गर्ने समुदाय, संस्था, समूह (व्यक्तिसमेत) लाई आवश्यक निर्माण सामाग्री दक्ष मिस्त्री तथा प्राविधिकको सेवा उपलब्ध गराई वातावण संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा साझेदारी मार्फत सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४५. विपद्को समयमा तत्काल राहत, उद्धार लगायतका कार्य गर्नका लागि स्वयंसेवक परिचालन गर्नुका साथै आवश्यक औजार, उपकरण तथा राहत सामग्री तयारी अवस्थामा राखिनेछ । मनसूनपूर्व तथा मनसूनजन्य विपद्को पूर्वानुमान गरी रोकथामको लागि आवश्यक कार्य गरिनेछ ।

१४६. विभिन्न गतिविधिहरु जस्तैः वृक्षारोपण अभियान (Bio-Engineering), पोखरी/चौपारी निर्माण, वन उपभोक्तासँगको साझेदारीमा डढेलो नियन्त्रण, फोहोरमैला व्यवस्थापन, चट्याङ प्रतिरोधी उपकरण जडान लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४७. भू-क्षयबाट अति प्रभावित क्षेत्रको पहिचान सहित सो नियन्त्रणको लागि आवश्यक तार/जाली, ह्युमपाइप तथा पोलीपाइप खरिदको आवश्यक व्यवस्था मिलाईने छ ।

१४८. हरेक वर्ष आगलागी जन्य घटनाबाट वातावरणीय र मानवीय क्षति बढ्दै गैरहेको अवस्थामा सोको न्यूनीकरण गर्न आगलागीको उच्च जोखिममा रहेका क्षेत्रहरुको पहिचान गर्ने, अग्निरेखा निर्माण गर्ने, सचेतनामूलक कार्यक्रम संचालन गर्ने र वातावरणीय र पर्यावरणीय प्रभाव मूल्यांकन गरी उच्च अग्नी संवेदनशील बोटविरुवाहरुको प्रतिस्थापन गरिनेछ ।

१४९. विपद् व्यवस्थापनको लागि नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहेको र नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ ।

१५०. विभिन्न खालका महामारी र विपद्सँग जुध्ने श्रोत साधन, जनशक्तिको व्यवस्थापन एवं परिचालन गरिनेछ, यसरी विपद् व्यवस्थापनमा परिचालित स्वास्थ्यकर्मी तथा जनशक्तिको मनोवल बृद्धि गर्न संघीय सरकारले तोकेको मापदण्ड भित्र रही उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१५१. विपद्जन्य घटनाका कारण आफ्नो बासस्थान गुमाउन पुगेका प्रभावितहरुलाई जग्गा प्राप्ति गर्नको लागि प्रति आना १२,५०० ।- रकम अनुदान प्रदान गर्ने गरी आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने निर्णयमा आवश्यक परिमार्जन सहित पुनर्निर्माण/पुनर्वास सम्बन्धि कार्यविधि बनाई लागू गरिनेछ ।

### न्याय सम्पादन

१५२. स्थानीय न्यायपालिका अन्तर्गत न्यायिक समिति मार्फत हुने प्रत्येक कारवाहिलाई सहज र सुलभ बनाईनेछ । स्थानीय न्यायिक प्रशासन प्रति आम सर्वसाधारणको विश्वसनीयतामा अभिवृद्धि गर्ने गरी न्यायिक समितिको काम कारवाहिलाई व्यवस्थित बनाईनेछ र सोका लागि न्यायिक समितिलाई सक्षम र क्षमतावान बनाइने छ । यसको प्रतिफल स्वरुप न्यून उजुरी संख्या र उच्च फछर्यौटले न्यायिक क्षेत्र सन्तोषजनक रहेको अनुभूत गर्न सकिने छ ।

१५३. संविधानद्वारा प्रदत्त अधिकारका सूचिमा उल्लेखित विषयवस्तुहरुमा थप कानून निर्माण गरी उपलब्ध स्रोत साधनलाई मध्यनजर गर्दै कार्यान्वयन गर्ने नीति अख्तियार गरिने छ ।

१५४. मेलमिलापकर्ता पारिश्रमिक साथै न्यायिक कार्य सम्पादन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ । न्यायिक समितिमा पर्न आएका उजुरीहरु अत्यधिक फछर्यौट हुनेगरी न्यायिक समितिको कामलाई अझ प्रभावकारी बनाईने छ । समाजमा व्याप्त महिला हिंसालाई रोक्न, सामाजिक अभियान सञ्चालन गर्न, समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि रोकन न्यायिक समितिलाई आवश्यक स्रोतको व्यवस्था गरी सरकारी र गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय समेत गरिने छ ।

१५५. नगरपालिकाको संगठन संरचनामा कानून सेवा अन्तर्गत दरबन्दीको व्यवस्था नभएको परिप्रेक्षमा नगरपालिकाको तर्फबाट न्यायिक कार्य सम्पादनमा सहजीकरण गर्न, बहस-पैरवी गर्न र नगरपालिकाको न्यायीक कार्य सम्पादनलाई थप निष्पक्ष र प्रभावकारी बनाउन कानूनी परामर्शदाताको व्यवस्था मिलाइनेछ ।

१५६. न्यायीक सम्पादनमा असल अभ्यासको आदानप्रदान गर्ने उद्येश्यका साथ अन्य स्थानीय तहसँग छलफल, अन्तर्क्रिया साथै आन्तरिक भ्रमण समेतको व्यवस्था मिलाईनेछ ।

### संस्थागत विकास, सेवा प्रवाह र सुशासन,

१५७. **"सेवाको वरीपरी जनता होईन, जनताको वरिपरि सेवा"**भन्ने भावनालाई निरन्तरता दिँदै जनतामा पुऱ्याइने सेवालाई एकिकृत रुपमा संचालन गर्ने प्रक्रियाको लागि नगरपालिकाबाट प्रवाह हुने विभिन्न किसिमका सेवा सहित एकिकृत घुम्ति शिविर कार्यक्रमलाई सकै वडामा पुर्याउने गरी कार्यक्रम संचालन गरिनेछ । साथै वडा कार्यालय (वडाका केन्द्र) देखि टाढा रहेका र घना वस्ती भएका क्षेत्रमा आवधिक रुपमा वडाका सेवा पुर्याउन **सेवा-केन्द्र संचालन** गर्ने कार्यलाई निरन्तरता दिइ चालु आ.व.मा वडा नं १ मा मात्र सुरु भएकोमा आगामी आ.व.मा अन्य वडाहरुमा पनि सुरुवात गरिनेछ ।

१५८. सेवाग्राहीको सन्तुष्टि नै हाम्रो लक्ष भएका कारण सेवाग्राहीको सन्तुष्टि सर्वेक्षण मापन गरी सोही बमोजिम उपयुक्त कार्य गरिनेछ ।

१५९. लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन र नियमावली पारित भई लागू भैसकेको वर्तमान परिप्रेक्षमा उक्त कानूनको अधिनमा रही संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्य प्रकृति, सेवा प्रवाह र कार्यबोझको विश्लेक्षण गरी आवश्यकता बमोजिम दरबन्दी थपघट गरी कर्मचारी प्रशासनलाई व्यवहारिक, व्यवसायीक र मर्यादित बनाईनेछ ।

१६०. **कार्यालयमा डिजिटल नेपाल फ्रेमवर्क २०७६** को प्रभावकारी कार्यान्वनमा जोड दिई कागजी कामलाई कम गर्ने प्रयास हाम्रो रहने ... अवलम्बन गर्न जरुरी छ ।

पारदर्शिता र जवाफदेहीता जस्ता सुशासनका मूलभूत पक्षहरुलाई ध्यान दिँदै सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजा मुखी बनाइनेछ र सार्वजनिक प्रशासनलाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासनको अवधारणालाई आत्मसाथ गरिनेछ।

१६१. सेवामा नागरिकको पहुँचको सुनिश्चितता गर्दै नगरपालिकाबाट गरिने सम्पूर्ण क्रियाकलापहरुको जानकारी नागरिकलाई पारदर्शी रुपमा गरिने छ। स्थानीयस्तरमा संचालित सूचना तथा संचारका माध्यम रेडियो, पत्रिका, अनलाईन पत्रिकालाई सूचिकृत गर्ने र प्रोत्साहन गर्ने नीति लिइने छ।

१६२. स्थानीय शासन पद्दतिलाई सुदृढगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थालाई कार्यान्वयनमा जोड दिईने छ।

१६३. समयमै सामान आपुर्ति र निर्माण कार्य सम्पन्न गर्न विशेष प्राथमिकता दिईने छ। सार्वजनिक खरिद प्रक्रियालाई पूर्णतया विद्युतीय प्रणालीबाट व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

१६४. हाम्रा गतिबिधिहरु बारे नागरिकलाई शीघ्रातिशीघ्र सूचना प्रदान गर्न नगरपालिकाको वेवसाइट नियमित अपडेट गरी सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ। साथै नगरपालिकाको सेवा प्रवाह, कानून निर्माण र विकास गतिविधिहरुलाई श्रव्यदृष्य सामग्री उत्पादन गरी प्रशारणको व्यवस्था मिलाईनेछ। सूचना प्रविधिमा आधारित आर्थिक प्रशासन मार्फत सार्वजनिक लेखालाई थप पारदर्शी नतिजामुखी बनाइनेछ। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरिनेछ।

१६५. नगरपालिकाद्वारा निर्मित सम्पूर्ण कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गर्ने कार्यलाई व्यवस्थित बनाइनेछ।

१६६. नगरपालिकाको प्रोफाइल अद्यावधिक गरी डिजिटल प्रोफाइल निर्माणको लागि आवश्यक पहल गरिनेछ।

१६७. सीमित जनशक्ति र कार्यसम्पादनलाई मध्यनजर गरी स्थायी एवं करार सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी कार्यसम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। चालु खर्चको कुल १.५% भन्दा बढी रकम जनशक्ति क्षमता विकासमा लगाइनेछ। र क्षमता विकास कार्यक्रममा कुल पदाधिकारी र कर्मचारीको ६०% भन्दा बढी सहभागिता सुनिश्चित गरिनेछ।

१६८. सार्वजनिक सभा समारोह संचालनलाई सादा र छरितो बनाउने हाम्रो नीतिलाई निरन्तरता दिँदै पुन:प्रयोगमा नआउने (आयातित प्रकारको) खादा प्रयोग निषेध गर्ने हाम्रो प्रचलन अझै अघि बढाउँदै स्वागत-सत्कार-अभिनन्दनलाई वातावरण मैत्री र संस्कृति सुहाउँदो ढंगले सम्पन्न गरिनेछ।

१६९. सेवा प्रवाहको जग मानिने वडा कार्यालयको भौतिक एवं प्रशासकीय सुदृढिकरणका लागि फर्निचर, मेशीनरी औजार लगायत आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनुका साथै आफ्नै भवन नभएका वडा कार्यालयहरुको जग्गा प्राप्तिका लागि प्रकृया अगाडि बढाउन पहल गरिनेछ भने जग्गा प्राप्ति भैसकेका वडा कार्यालयहरुको भवन निर्माण प्रकृया अगाडि बनाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

१७०. सार्वजनिक प्रशासनलाई उत्तरदायि एवं परिणाममूखी बनाउन, कार्यालयको अनुशासन कायम राख्न समयसमयमा आकष्मिक निरीक्षण र नियमित सुपरिवेक्षणको प्रभावकारी व्यवस्था गरिनेछ।

१७१. नगरपालिकाले गर्दै आईरहेको बजार अनुगमन कार्यलाई नियमित र निरन्तरता दिँदै थप प्रभावकारी बनाईनेछ। साथै उपभोक्ता हितलाई मध्यनजर गर्दै खाद्य गुणस्तर सम्बन्धमा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

१७२. नगर प्रहरीको संख्यामा आवश्यकता बमोजिम थप/घट गरिने छ। र क्षमता विकासका गतिविधिमा संलग्न गराईनेछ।

१७३. सुशासन र संस्थागत विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी आवधिक योजनाले परिलक्षित गरे बमोजिम प्राथमिकताको आधारमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

१७४. **भ्रष्टाचारमा शून्य सहनशीलता** भन्ने राष्ट्रिय नीति अनुरुप अनुचित कार्यलाई गम्भीर रुपमा लिई त्यस विरुद्ध स्थानीय सरकार र नागरिक एक भई तदारुकता पूर्वक कदम चाल्दै सदाचार र सुशासन प्रबर्द्धन गरिने नितीलाई निरन्तरता दिइनेछ। नगरमा संचालित आयोजनाहरुको बारेमा नागरिकहरुलाई सुसूचित गराउनको लागि आवश्यकता अनुसार सामाजिक परीक्षण, सार्वजनिक परीक्षण गर्नुका साथै नागरिकहरुको आम चासो र गुनासो सम्बोधन गर्नेगरी सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।

१७५. नगरपालिका र नगरपालिका अन्तर्गतका कार्यालयहरुमा नागरिकले बुझाउनु पर्ने कर तथा शुल्क प्रथम त्रैमासिक भित्र बुझाउन सूचित गरिनेछ। करका दर र दायरालाई समयानुकुल संशोधन गरिने छ। प्रथम त्रैमासिक अवधिको समाप्ती पछि कर दाखिला कार्यलाई सेवाको पूर्व शर्तको रुपमा राखि कर संकलन कार्य प्रभावकारी बनाइनेछ। राजश्व सुधार गर्न विभिन्न नीति अवलम्वन गरी राजश्व प्रशासनलाई सुदृढ गरिनेछ।

१७६. नदीजन्य पदार्थको समुचित प्रयोग गरी उत्खनन् लाई प्रभावकारी बनाइनेछ । अनाधिकृत रुपमा हुने चोरी निकासी र नदी दोहन नियन्त्रणको लागि त्यस्तो क्षेत्रमा खटिने सुरक्षाकर्मी, सूचना दिने सूचनादाता/सुराकी लाई आवश्यक पुरस्कारको व्यवस्था गरी प्रोत्साहन गरिनेछ ।

१७७. सार्वजनिक स्रोतको बढ्दो माग र आवश्यकतालाई व्यवस्थापन गर्न कठिनाई भैरहेको वर्तमान अवस्थामा सवारी साधनको प्रयोग, इन्धन, वैठक भत्ता, भ्रमण सुविधा एवं प्रशासनिक खर्चमा मितव्ययीता अपनाइने छ ।

१७८. सेवा प्रवाहमा चुस्त र नागरिकमैत्रीको अनुभूती प्रत्याभूत गर्न/गराउनका लागि कार्यपालिका र अन्तर्गतका कार्यालयहरुमा आएको सेवाग्राहीको गुनासो शिघ्र सम्बोधन गर्ने कार्यविधि कार्यान्वयनमा जोड दिइनेछ ।

अन्त्यमा,

मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमले नेपाल सरकार एवं लुम्बिनी प्रदेश सरकारले लिएका निती तथा कार्यक्रमले निर्धारण गरेको लक्ष्य र उद्येश्य प्राप्तिलाई आत्मसाथ गर्दै मुसिकोट नगरपालिकाको **"मुसिकोट नगरको समृद्धिको आधार, सामाजिक विकास र न्यनयसँगै कृषि, उद्योग, पर्यटन र पूर्वाधार"** सपनालाई सफल बनाउनेछ ।

१७९. विगतमा सम्पन्न भएका योजना र कार्यक्रमहरु सँगसँगै चालु आ.व.को समाप्तिसँगै हाम्रो यस मुसिकोट नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका छन् । भौतिक पूर्वाधार सँगसँगै आर्थिक, सामाजिक, र सुशासन प्रवर्दधको क्षेत्रमा मुसिकोट नगरपालिकाले तय गरेका नीति तथा कार्यक्रमहरु मार्गप्रदर्शनको रुपमा प्रस्तुत भएका छन् । संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवं नगरपालिकाबाट निर्मित कानून बमोजिम यस नीति तथा कार्यक्रमले मुसिकोट नगरपालिकाको समग्र विकासका लागि नीतिगत, संरचनात्मक र संस्थागत सुधारको मार्गदर्शन गर्नेछ र समृद्ध, सबल र न्यायपूर्ण मुसिकोट नगरपालिका निर्माण हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

१८०. संघीय संरचना पछि गठन भएको स्थानीय तहमा विकासका गतिबिधिलाई दिगो गति प्रदान गर्न र सक्षम, सबल र पारदर्शी प्रतिनिधि मार्फत विकासका गतिबिधि संचालन गर्न स्थानीय नीति तथा कार्यक्रम वस्तुनिष्ठ, यथार्थपरक र समयसापेक्ष हुनुपर्नेमा हाम्रो हरदम प्रयास रहेको छ । तर्जुमा गरिएको नीति तथा कार्यक्रमको उचित र प्रभावकारी कार्यान्वयन गर्दै तीन तहको सरकार, यसका संरचना निर्माण र सँगठनलाई सफल बनाउनको लागि भएका हाम्रा हालसम्मका प्रयासहरु हेर्दा भोलिको दिनको लागि सुखद लक्षण देखिन्छन् । स्थानीय तहको गठन पश्चात देशको समग्र सामाजिक, आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति हामीले गरेका छौं । पारदर्शीता, जवाफदेहीता र उत्तरदायित्व संस्कृति अवलम्वन भएको पाएका छौं ।

१८१. समुन्नत र समृद्ध हाम्रो मुसिकोट नगर निर्माणमा सहयोग पुऱ्याउने संघीय सरकार एवं प्रदेश सरकारका विभिन्न निकायहरु, जिल्ला समन्वय समिति, रचनात्मक तथा सहयोगी भूमिका निभाउँदै आउनु भएका राजनीतिक दल, निजी क्षेत्र, सहकारीक्षेत्र, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, आम संचार माध्यम र सञ्चारकर्मीहरु एवं जन्मभूमिका लागि चिन्तनशील र सहयोगी रहेका सबै प्रवासीहरु लगायत विभिन्न तह र तप्काका महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा जहाँ सुकै रहनु बस्नु भएका सम्पूर्ण मुसिकोट वासीहरु आमा, बुबा, दाजु, भाई, दिदी, बहिनी एवं अमूल्य राय सुझाव प्रदान गर्नु हुने अन्य स्थानीय सरकार, स्थानीय प्रशासन र सुरक्षा निकायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु र प्रस्तुत नीति र कार्यक्रमको अनुमोदन र सफल कार्यान्वयनको अपेक्षा राख्दछु ।

१८२. उपस्थित सभा सदस्यज्यूहरु, यो नीति तथा कार्यक्रममा अन्तर्निहित उद्येश्य प्राप्त गर्न सबैबाट सक्रिय सहभागिता, सहयोग र सहकार्यको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नमस्कार !

मितिः २०८२/०३/५

जिवलाल खरेल जीवन
नगर प्रमुख
मुसिकोट नगरपालिका, वामीटक्सार, गुल्मी

जिवलाल खरेल जीवन
नगर प्रमुख